## कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका - २०७६

स्वीकृत मितिः२०७६।।

**प्रस्तावनाः** विषयको गाम्भिर्यताका आधारमा कानून व्यवसायीको सेवा प्राप्त गर्ने उद्देश्यका लागि निर्देशिका जारी गर्न वाञ्छनीय भएकाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा, शर्त सम्वन्धी ऐन, २०७५ को दफा १८ बमोजिम यो निर्देशिका जारी गरिएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "**कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका, २०७६"** रहेको छ।

(२) यो निर्देशिका मुख्य न्यायाधिवक्ताबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२.परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा, शर्त सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "कानून व्यवसायी" भन्नाले नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० बमोजिमको वरिष्ठ अधिवक्ता वा अधिवक्ता सम्झनु पर्छ।

(घ) "बहस पैरवी" भन्नाले कानून व्यवसायीले मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई माग दावी वा जिकिर पुष्ठी गर्न गरिने बहस पैरवी र प्रतिरक्षा सम्झनु पर्छ। सो शब्दले बहस नोट समेतलाई जनाउँनेछ।

(ङ) "मुद्दा" भन्नाले न्यायिक वा अर्ध न्यायिक निकाय समक्ष विवाद निरुपणका लागी पेश भएको विषयवस्तु सम्झनु पर्छ र सो शब्दले रिट समेतलाई जनाउँनेछ।

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई जनाउँनेछ।

(छ) "कार्यालय" भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी ऐन, २०७५ को दफा ३ मा उल्लेखित कार्यालय सम्झनु पर्छ।

## परिच्छेद - २
## कानून व्यवसायीको योग्यता, काम, कर्तव्य र अधिकार

३. कानून व्यवसायीको योग्यताः- (१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीको योग्यता देहाय बमोजिम हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) बरिष्ठ अधिवक्ता वा अधिवक्ताको उपाधि प्राप्त गरेको,

(२) उपदफा (१) बमोजिम नियुक्त हुने कानून व्यवसायी प्रचलित नेपाल कानून बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

४. कानून व्यवसायीको काम, कर्तव्य र अधिकारः (१) दफा ३ बमोजिम नियुक्त हुने कानून व्यवसायीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयले तोकेको दिन अदातलमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,

(ख) अदालतको आदेश बमोजिम बहसनोट लगायत अन्य कार्य गर्ने।

(२) उपदफा (१) मा उल्लेखित कार्यका अतिरिक्त देहायका कार्यहरु समेत गर्नु पर्ने छः

(क) मुख्य न्यायाधिवक्तासँग मौखिक परामर्श तथा सरसल्लाह गर्ने,

(ख) मिसिल अध्ययन गर्ने,

(ग) निवेदन, उजूरी, फिराद र प्रतिवाद समेतको मस्यौदा तयार गरी दर्ता गर्ने,

(घ) प्रमाण पेश गर्ने र कार्य सम्पन्न भएपछि सक्कल फाइल कार्यालयमा फिर्ता गर्नु पर्नेछ,

(ङ) साक्षी उपस्थित गराई वकपत्र गराउने,

(च) मुद्दामा आवश्यक पर्ने कागजातहरु प्राप्त गर्ने,

(छ) मुद्दामा सुनुवाई भए नभएको कार्यालयलाई जानकारी गराउने,

(ज) मुद्दासंग सम्बन्धित अन्य कार्य गर्ने ।

(३) दफा ३ बमोजिम नियुक्त भएका कानून व्यवसायीले आफूलाई तोकिएको मुद्दामा भएको काम कारवाहीका बारेमा मुख्य न्यायाधिवक्तालाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) कानून व्यवसायीले आफूलाई तोकिएको मुद्दाको काम, कारबाहीका बारेमा जवाफदेही हुनु पर्नेछ ।

५.कानून व्यवसायीको सेवा सम्झौता बदर हुने अवस्थाः (१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीको सेवा सम्झौता देहायको अवस्थामा बदर हुनेछः-

(क) मुद्दाको सुनुवाई हुने दिन अदालतमा उपस्थित नभएमा,

(ख) मुद्दा सम्बन्धी गोप्य सूचना विपक्षीलाई दिएमा,

(ग) मुद्दाको अन्य कारवाहीको सिलसिलामा लापरवाही गरेमा,

(घ) कार्यालय तथा प्रदेश सरकारलाई अहित हुने कार्य गरेमा ।

(२) कानून व्यवसायीको आचारसंहिता र मुख्य न्यायाधिवक्ता कार्यालयको आचारसंहिता उल्लघंन गरेमा सम्झौता वदर हुनेछ ।

(३) दफा ४ मा तोकिएको कार्य नगरेमा वा असमर्थ भएमा समेत सम्झौता बदर हुनेछ ।

## परिच्छेद -३

### सेवा, शर्त र सुविधाः

६.सेवा, शर्त र सुविधाः (१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक तथा अन्य कानून बमोजिमको सुविधा पाउनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मापदण्डका अतिरिक्त देहायको विषयसँग सम्बन्धित मुद्दामा मुख्य न्यायाधिवक्ताले विषय विज्ञ कानून व्यवसायीको सेवा लिने सम्झौता गरेमा प्रदेश सरकारले थप पारिश्रमिक तोक्न सक्नेछ ।

(क) संघ, प्रदेश र स्थानीय तह बीचको अधिकारको बाँडफाँड सम्वन्धी विवाद,

(ख) प्रदेशको सीमाना सम्बन्धी विवाद,

(ग) प्रदेश भित्रका प्राकृतिक स्रोत साधन सम्बन्धी विवाद,

(घ) अन्तर प्रदेश व्यापार प्रवर्धन (आयात, निर्यात समेत),

(ङ) नेपालको संविधानको धारा २७४, २७९ मा उल्लेखित विवादहरु

(च) प्रदेश सरकारको सरोकार रहेका विवादहरु,

(३) उपदफा २ मा उल्लेखित मुद्दाहरुमा बाहेक प्रदेश सरकारले तोकिदिएका अन्य मुद्दाहरुमा थप पारिश्रमिक दिन सकिनेछ।

**परिच्छेद -४**

विविध

७.प्रतिवेदन पेश गर्नुपर्नेः (१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीले मुख्य न्यायाधिवक्ता कार्यालयमा प्रतिवेदन पेश गर्दा सामान्यतया देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) आफूले हेरेको मुद्दाको विवरणः रिट निवेदक र प्रत्यर्थिको नाम, थर, वतन समेत,

(ख) वकालतनामा पेश गरेको भए सो कुरा,

(ग) बहसनोट पेश गरेको भए सोको प्रतिलिपी,

(घ) फैसलाको प्रमाणित प्रतिलिपी,

(ङ) निवेदन तथा लिखतहरु मस्यौदा गरेको वा दर्ता गरेको भए सो को प्रतिलिपी,

(च) साक्षीको वकपत्र भएको भए सो कुरा।

८.कानून व्यवसायीको सेवा अवधिः (१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीको सेवा अवधि सम्झौतामा तोकिए बमोजिम हुनेछ।

९.विज्ञ कानून व्यवसायीको संख्याः (१) मुख्य न्यायाधिवक्ताले कुनै मुद्दामा आवश्यकता अनुसार एक भन्दा बढी विषय विज्ञ कानून व्यवसायीलाई नियुक्ति गर्न सक्नेछ।

१०.कानून व्यवसायी नियुक्ति गर्दा प्राथमिकता दिनुपर्नेः (१) कानून व्यवसायी नियुक्ति गर्दा सम्भव भए सम्म अदालत रहेको स्थानको कानून व्यवसायीलाई प्राथमिकता दिइनेछ।

११.निर्देशिकाको पालनाः (१) यो निर्देशिकाको पालना गर्नु यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीको कर्तव्य हुनेछ।

१२.वचाउः (१) यो निर्देशिका जारी हुनु भन्दा अगाडी कुनै मुद्दामा कानून व्यवसायी नियुक्ति भएको भए निज यसै निर्देशिका बमोजिम नियुक्त भएको मानिनेछ।

## कानून व्यवसायीको सेवा प्राप्त गरे वाफत प्रदान गरिने पारिश्रमिक प्रस्तावित मापदण्ड

| क्र सं | सम्पादित कामको विवरण | अदालतको नाम | पारिश्रमिक | |
|---|---|---|---|---|
| | | | बरिष्ठ अधिवक्ता | अधिवक्ता |
| १. | बहस, पैरवी र प्रतिरक्षा | सर्वोच्च अदालत | बढीमा रु. १,००,०००। | बढीमा रु.५०,०००। |
| २. | बहस,पैरवी र प्रतिरक्षा | सर्बोच्च अदालत बाहेक | रु. १०,०००। | रु.५,०००। |
| ३. | मिसिल अध्ययन | सबै अदालत | रु. १०,०००। | रु. ५,०००। |
| ४. | बयान, बकपत्र/साक्षी परीक्षण | | रु. ५,०००। | रु. ३,०००। |
| ५. | बहस नोट | सबै अदालत | रु. १०,०००। | रु. ७,५००। |
| ६. | निवेदन/मस्यौदा/प्रमाण प्रस्तुत | | रु. ५,००० | रु. ३,०००। |
| ७. | | | | |
| ८. | | | | |
| ९. | १.पेशी तोकिएको दिन सुनुवाई नभएमा | सबै अदालत | मिसिल अध्ययन रु.१००००।- | बहस पैरबी र मिसिल अध्ययनमा उल्लेखित रकमको आधा रकम । |